# रेडियोसँग चिनापर्ची

**झलक सुवेदी**

म २०१९ सालमा जन्मेँ । म जन्मे-हुर्केको ठाउँ त्यतिबेला चेतना र आधुनिकताका दृष्टिले डाँडापारी कै क्षेत्र पर्थ्यो । गाउँमा विद्यालय खुलेको जम्मा तीन वर्ष भएको थियो । शिक्षकहरू प्रायः पोखरा वरिपरिबाट लगिन्थे । यी कुरा मैले हुर्केपछि थाहा पाउँदै गएँ । हाम्रो गाउँ मकैखोला लम्जुङ्गको उत्तरपश्चिम कुनोतिर हालको कास्की जिल्लामा पर्दथ्यो । 'माथि' बाट जाने राजनीतिक कार्यकर्ताहरू, सरकारी कर्मचारी वा निरीक्षकहरू, शिक्षकहरू, लाहुरबाट आउनेहरू, भोट, ठोरी, नारायणघाटतिर नुनतेल लिएर फर्कनेहरू, काठमाडौँमा मुद्दा खेप्नेहरू, सदरमुकाम (कुन्छा, गाउँसहर र पछि बेशीसहर) अथवा पोखरा आइजाइ गर्नेहरू सूचनाका स्रोत हुने गर्थे । मेरो टोल जम्मा पच्चीसओटा जति घर बस्ती भएको सानो गाउँ हो । नजिकै अर्को गाउँ छ, गुरुङहरूको बस्तीको । त्यहाँ पुग्न पन्ध्र मिनेट जति लाग्छ । अरू गाउँ त आधादेखि एक घण्टाको दूरीमा पर्छन् ।

मैले थाहा पाउँदा मेरो गाउँमा एउटा पनि रेडियो थिएन । कहिलेकाहीँ बाटो हिँड्ने लाहुरेले बोकेको रेडियो सुनिन्थ्यो भने कहिलेकाहीँ चाहिँ बजार जाँदा पनि

त्यस्तो अवसर मिल्न सक्थ्यो । मलाई रेडियो भनेको गीत गाउने भाँडो हो भन्ने बाहेक केही थाहा थिएन र नजिकबाट त्यो कस्तो छ भनेर हेर्ने मौका पनि मिलेको थिएन ।

आठ वर्षको हुँदाखेरि पहिलो पटक मैले रेडियोलाई नजिकबाट हेर्ने र छुने मौका पाएँ । मलाई त्यो क्षणको आज पनि झलझली सम्झना छ । म आमासँग लम्जुङ्ग, चिसंकुस्थित मामाघर गएको थिएँ । ठूलामामाकहाँ दुई ब्याट्री लाग्ने एउटा सानो खालको रेडियो रहेछ । त्यसबाट प्रसारण हुने हरेक कुराले मलाई मन्त्रमुग्ध पारेको थियो । मामाघरमा पालीको खाँबोमा गाडेको किलामा रेडियो झुण्डयाएर बजाइन्थ्यो । म एकदम नजिक गएर सुनिरहन्थेँ र मामाका आँखा छलेर सुटुक्क रेडियोलाई छुन्थेँ । मलाई सबभन्दा कौतूहल रेडियोमा कसरी मान्छेहरू अटाएहोलान् भन्ने कुराले बनाउँथ्यो । मैले कति दिनसम्म केवल यही कुरा सोचिरहेँ– कसरी त्यतिका मान्छे र बाजाहरू त्यति सानो रेडियोमा छिरे होलान् ? जति रेडियो सुन्दै गएँ त्यति नै मलाई आफै रेडियोभित्र पसेर त्यहाँका मान्छे र तिनीहरूका क्रियाकलाप हेर्ने रहरले हैरान पार्न थाल्यो ।

मावलीमा हजुरआमा र अरू दुईओटा मामा बेग्लै थिए भने ठूलामामा छुट्टीभिन्न भएर अलगै बसेका थिए तर म भने प्रायः रेडियोका कारणले ठूलोमामाकहाँ नै झुम्मिरहेको हुन्थेँ । एकदिन मामाले किन हो रेडियो खोलेका रहेछन् । खोलेको रेडियोभित्रका तारहरू र गुजुमुज्ज पारेर राखिएका अन्य अवयवहरू हेरेर झन् तीन छक परेँ म । त्यहाँ त खत्र्याकखुत्रुक राखिएका पूर्जा थिए । मान्छे जस्तो, बाजा बज्ने जस्तो त केही थिएन । मैले दन्त्यकथाका अलौकिक पात्रहरू सम्झेँ । सायद यहाँ कुनै जादू गरेर मान्छे बस्दा हुन् भन्ने लाग्यो मलाई ।

त्यसपछि मलाई सम्झना भएसम्म २०३० सालतिरबाट मैले रेडियो नियमित सुन्ने मौका पाउन थालेको हुँ । हामीकहाँ त्यही वर्षदेखि नयाँ शिक्षा लागू भएको थियो क्यारे । त्यसपछि रेडियोबाट *शिक्षकहरूका लागि* भन्ने कार्यक्रम प्रसारण हुन्थ्यो । त्यसै कार्यक्रम सुन्नका निमित्त हरेक विद्यालयमा एउटा रेडियो पठाइयो । हाम्रो विद्यालयमा आएको रेडियो लेखनाथ पौडयाल गुरुले राख्नु हुन्थ्यो । दिनदिनै विद्यालय ल्याउने लैजाने गर्नुहुन्थ्यो । गुरु मेरो घरबाट जम्मा बीस मिटर उत्तरतिर मेरो कान्छो हजुर्बाको घरमा बस्नुहुन्थ्यो । त्यसपछि त म प्रायः समाचार सुन्नेबेला पारेर त्यहाँ जान थाले । साँझ साढे सात बजेको समाचार म प्रायः नियमित सुन्ने गर्थें ।

मेरो गाउँ काउरे साँच्चै रमाइलो थियो । ‘काउरेलीको हाँसो’ छिमेकी गाउँमा चर्चित थियो । दिनभरि काममा थाकेका भए पनि साँझ बूढाहरू

'माड्साप' बसेका घर जम्मा हुन्थे । रेडियो सुन्थे, कक्कड भरेर तान्थे, र छर-छिमेकदेखि विश्व ब्रह्माण्डका जाने जति गफ गरिरहन्थे । रेडियो सुन्न थालेपछि बूढाहरूको सूचना र चेतनाको पहुँच बिस्तार हुँदै गएको अनुभव हुन्थ्यो । मौसमसम्बन्धी जानकारी, राजा वा मन्त्रीका भाषण, विभिन्न घटना तथा दुर्घटनाका खबर र लोकगीत बूढाहरूका चाखका विषय थिए ।

मैले समाचार सुन्न थालेको बेला भियतनाम युद्ध चरमोत्कर्षमा थियो । त्यसैले हरेक दिन हिन्दचीनको खबर आइरहन्थ्यो । सुन्दा सुन्दा मलाई एउटा केटौले बानी पर्न गयो । म आजको मुख्य समाचारमा के भन्छ भनेर पहिल्यै अनुमान लगाउने गर्न थालेँ । श्री ५ महाराजधिराज र अमेरिका प्रायः नटुट्ने मुख्य समाचारहरू हुन्थे । मन्त्री र पञ्चहरूका उस्तै खालका भाषण दोहोरिन्थे । विद्यालयमा थोपरिने राजा र व्यवस्थाको गुनगानबाट आजित हामीहरू बिस्तारै र कुनै प्रेरणा बिना नै राजा र पञ्चायतको विरोध गर्ने भएका थियौँ । रेडियो सुन्न थालेपछि मलाई त्यसै रिस उठ्न थाल्यो संस्थापनासँग । किन हो थाहा छैन, हिरालाल विश्वकर्मा सबभन्दा बढी सुनिने नाम थियो । त्यहीकारणले उनी व्यङ्ग्यको पात्र बन्ने गरेको मलाई सम्झना छ ।

रेडियोबाट बजाइने गीत, बिहानमा आउने साहित्य र संस्कृतिसम्बन्धी कार्यक्रम सबभन्दा मन पर्थे तर मलाई सबभन्दा बढी आकर्षण समाचारले नै गऱ्यो । मैले समाचार सुनेर संसारबारे आफ्नो धारणा बनाउन थालेँ । पहिलो कुरा त शक्तिशालीहरू नै समाचारको प्राथमिकतामा पर्छन्, सबैले तिनको गुनगान गाउँछन् भनेर अनुमान लगाउन मलाई गाह्रो भएन । दोस्रो कुरा, मलाई राम्रैसँग सम्झना छ, समाचारमा हुने विकास र उन्नतिका भाषण वास्तविकतासँग मेल नखाने कुरा हुन् भनेर म ठाडै आलोचनात्मक हुन पुगेँ ।

त्यस बेलाको केटौले उमेरमा गीतबाट मैले बुझेको अर्को कुरा थियो– केटीहरू जिस्काउनु पर्ने माल नै हुन् । 'राम्रा राम्रा तरूनीको पोइ मरेको जाती', 'साँइलीमाइली पोइल गएछन्', 'लै बरिलै लै बरिलै गाउँका ठिटी सबैलाई' जस्ता गीत त्यति बेलै सुनेको हो मैले । केही राष्ट्रिय गीत पनि मनपर्थे । धर्मराज थापाको 'हरियो डाँडामाथि', र झलकमान गन्धर्वको 'आमाले सोध्लिन् नि' जस्ता गीत सबभन्दा रुचि लाग्ने गीत थिए ।

मेरो किशोरवयलाई उडन्ते, काल्पनिक संसारमा विचरण गराएर आफूले भोगिरहेको जीवनभन्दा परको रङ्गीन दुनियाँमा पुऱ्याउने काम पनि दन्त्यकथा र उपन्यासपछि रेडियोले नै गराएको थियो । म आफ्नो गाउँ र ठाउँभन्दा भिन्न

ठाउँमा जान थालेँ कल्पनामा । मभित्र सिर्जना र शक्तिको भोक पनि यसले जगायो कि जस्तो लाग्छ ।

रेडियोबारे केही तीता मीठा अनुभव पनि छन् । मलाई समय याद भएन । उनै रेडियोवाल मामाकहाँ गएको थिएँ । बेलुका म रेडियो सुन्न भनेर मामाकै वरिपरि रिङ्दै थिए । बीबीसी नेपाली सेवाबाट वीपी कोइरालाको अन्तर्वार्ता आउनेवाला रहेछ । ब्याण्ड र मिटर मिलाएर ठीक्क पारेपछि रेडियो त्यही खाँबोमा झुण्ड्याएर मामा खाना खान गए । मलाई पनि वीपीको कुरा सुन्ने रहर जागेको थियो तर रेडियो छुने लालसाले मैले चलाइ हालेँ । पछि ऐन समयमा मामाले मिटर मिलाउनै सकेनन् र वीपीको वार्ताको धेरै भाग छुट्यो । २०३४ सालभन्दा अगाडिको कुरा हो यो । त्यतिबेला बीबीसीबाहेक यस्तो कुरा थाहा पाइने अर्को माध्यम पनि थिएन । मामा झडङ्ग रिसाउने स्वाभावका थिए, खुब गाली गरे । भाञ्जो भएकैले थप्पड चाहिँ खाइनँ । मैले आफ्नो बाल्यकालीन मनोदशा बुझाउन नपाउँदै २०३६ सालमा मामा बितिहाले ।

पछि २०३७ सालमा म शिक्षक भएर आफ्नै गाउँमा पढाउन थालेँ । त्यति बेलासम्म ममा राजनीतिको रङ्ग चढिसकेको थियो । बीबीसी हिन्दी, नेपाली सेवाहरू, भ्वाइस अफ अमेरिका र अल इण्डिया रेडियो सुन्ने लालचले मलाई सताउन थालेको थियो । लेखनाथ गुरु ब्याण्ड र मिटर घुमाउन दिँदैनथे । गाउँमा दुईओटा लाहुरेका परिवारमा रेडियो आइसकेका थिए । एउटा पितृ दाइले ल्याएको 'फिलिप्स' र अर्को मुखियाबाकहाँ 'नेशनल पानासोनिक', दुई ब्याण्डका र तीन ब्याट्री लाग्ने । तर तिनीहरू पनि मैले ब्याण्ड र मिटर फेर्न लागेपछि अमिलो मुख लगाएर हेर्थे । मुखियाबाकहाँ अल इण्डिया रेडियोसम्म सुन्ने छुट थियो । मलाई रेडियोको आवश्यकताले सताउन थाल्यो ।

पानासोनिकको सानो रेडियो पाइन्थ्यो चारपाँच सय रुपियाँमा । वास्तवमा त्यो रेडियो किन्ने धोको पाँच वर्ष जति रहिरह्यो । सुरुमा मेरो तलब थियो प्रतिमहिना रु. २२० र पछि भयो रु. २५० । पहिलो दशैं पेश्की पाउँदा मलाई रेडियोभन्दा घडीको खाँचोले जित्यो र एउटा रिको घडी किनेँ । विद्यालयमा दुईजना मात्र शिक्षक थियौँ । कम्तीमा महिनामा एकपटक हेडमास्टर कृष्ण गुरुङ पोखरा जान्थे । म एक्लै हुन्थेँ । अठार वर्षको भएर पनि अल्लारेपनकै थिएँ । एकदिन त्यस्तै मौकामा मैले दुई बजे नै स्कूल बन्द गरेछु सवा तीन भयो होला भन्ने सोचेर । भोलिपल्ट सञ्चालक समितिका व्यक्तिले र फर्केर आएपछि हेडमास्टरले मलाई निकै झपारे । त्यसले गर्दा घडीलाई जोड दिनु परेको थियो । पछि के के भयो, रेडियो किन्न पुग्ने गरी मसँग कहिल्यै पैसा बचेन । त्यसपछि म बिए पढ्न

पोखरातिर गएँ । त्यहीबेला मेरो दाइको बिहे भएको थियो । बिहेको निकै पछि घरमा आउँदा मैले किन्न चाहेजस्तो रेडियो घरमा बजिरहेको देखेँ । बिहेमा उपहार दिएका रहेछन् । त्यसपछिका दिनमा जब म घरमा बस्थेँ, रेडियो मेरा काँधमा हुन्थ्यो । समाचार होस् वा फर्माइसी गीत सबै सुनिन्थ्यो । मेरालागि केही वर्षसम्म सूचना र मनोरञ्जन दुवैको एकमात्र स्रोत बन्न पुग्यो रेडियो । म अहिले जसरी पत्रपत्रिकामा राजनीतिक टिप्पणी लेखिटोपल्छु, त्यसमा रेडियो सुन्ने बानीको ठूलै हात छ भन्ने मलाई लाग्छ ।